समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

राष्ट्रिय दैनिक

'क' वर्गमा सूचीकृत

kalpristhanews.com

वर्षः २९, अंकः८५

शुक्रबार, १३ कात्तिक २०८३

(Friday, 30 Oct. 2026)

पृष्ठः ४, मूल्यः १०।-

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा

हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

लिफ्ट सिँचाईले बढाउँदैछ राधापुरका किसानको उत्पादन

सौरभ राना

बाँके, १२ कात्तिक

बाँकेको खजुरा गाउँपालिका वडा नम्बर १ राधापुर कृषि क्षेत्रबाट आम्दानी गर्न सक्ने वडाको रूपमा मानिन्छ। भारतसँग सिमा जोडिएको वडामा सिंचाईको लागि भने आकाशे पानीको भर पर्नुपर्ने बाध्यता थियो। पछिल्लो समय भने किरणनाला लिफ्ट सिंचाई योजना खजुरा १ का वडा बासीको लागि निकै महत्वपूर्ण साबित भएको छ। यस योजनाबाट बहादुरपूर, चन्द्रनगर र जलपोखरी क्षेत्र लाभान्वित हुने गरेका छन्। योजनाले गर्दा यस क्षेत्रका स्थानीयहरूले बाह्रैमासे सिंचाईको पहुँचमा रहने गरेको वडा अध्यक्ष मनवीर क्षेत्रीले बताउनु भयो। पछिल्ला केहि वर्षमा हरेक वर्ष आरसीसी कुलोको लागि प्रत्येक वर्ष प्रदेशले बजेट दिने गरेको उहाँले बताउनु भयो। १२ सय विगाह क्षेत्रफलको जग्गामा सिँचाई गर्ने योजना अनुरूप सुरु गरिएको यस योजना संघीय सरकारले लगभग तीन चार करोडको लगानीमा थालनी भएको थियो। पछि प्रदेशले निरन्तर लगानी गर्दै आईरहेको छ।

सिंचाई योजनाको क्षमता अनुरूपको क्षेत्रफलमा अझै सिंचाई गर्न नसकिएपनि धेरै जनता लाभान्वित भएको अध्यक्षले कालपृष्ठ दैनिकलाई बताउनु भयो। उहाँले भन्नु भयो, 'सिँचाइलाई सुधार गरेपछि अब विगतभन्दा अहिले बर्खे बाली पनि समयमै लगाउन सकिन्छ। किसानहरूले अहिले धान रोपाइ गर्न पनि सहज अनुभूति गर्नु हुन्छ। हिउँदे बाली पनि मकै, भिन्डी, बोडी लगायतको तरकारीहरू लगाउन सहज भएको छ।'

लिफ्ट सिँचाई योजनालाई प्रतिनिधि भएर निर्वाचित भएपछि प्राथमिकतामा राखेर काम गरेको अध्यक्ष क्षेत्रीले बताउनु भयो। उहाँले थप्नु भयो, 'हामीले यसलाई विशेष प्राथमिकता दिएको छौं। जनताले समयमा पानी पाउनु पर्छ, पानी पाएपछि किसानले समयमा उत्पादन गर्न सक्छन।'

विगतमा किरण नाला लिफ्ट सिँचाइ योजनाको पुरानो संरचनाहरू भत्किएको अवस्था थियो भने इट्टाको पर्खाल थियो। त्यसको संरचना सुधार गर्न वडाले योजना बनाएर काम गरेको उहाँले बताउनु भयो। वडा अध्यक्ष क्षेत्रीले थप्नु भयो,'



अहिले हामीले आरसीसी कुलोहरू बनाईसकेका छौं र कति अन्य वडामा बनिरहेका छन्। यसले यहाँको कृषकलाई काम थोरै भएपनि सहयोग पुग्नेछ। सिंचाईको लागि हामी अन्य वैकल्पिक योजनाहरू पनि बनाएर काम गर्ने योजना बनाइरहेका छौं। जसले गर्दा किसानलाई हरेक महिना उत्पादन मुलुक कृषि क्षेत्रमा काम गर्न सुविधा पुगोस भन्ने हाम्रो लक्ष्य छ।'

सिंचाई स्रोत कृषि उत्पादनको लागि अत्यन्त महत्वपूर्ण पक्ष मानिन्छ। खजुरा गाउँपालिकामा कृषि क्षेत्रलाई अझ उत्पादनशील बनाउनको लागि विभिन्न प्रकारका सिंचाई स्रोतहरू प्रयोग गरिएको छ। यी सिंचाई स्रोतहरू मध्ये ताल वा जलाशय, सिंचाई नहर, वर्षाको पानी संकलन, विद्युतीय लिफ्ट सिंचाई, नहर, पम्पिङ सेट, भूमिगत सिंचाई लगायतका स्रोतहरू पर्दछन्। खजुरा गाउँपालिकाको सिंचाई स्रोत सम्बन्धी तथ्याङ्क अनुसार, कुल ७१५.०५हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा उपलब्ध छ, जसमध्ये सबैभन्दा बढी ताल वा जलाशयमार्फत ८०.८ प्रतिशत अर्थात ५७७.४९ हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा छ।

सिंचाई स्रोतको विश्लेषण गर्दा खजुरा गाउँपालिकामा परम्परागत सिंचाई स्रोतहरू (नहर, सिंचाई नहर) ले ६.८८ प्रतिशत क्षेत्रफल ओगटेको देखिन्छ, जबकि आधुनिक सिंचाई प्रविधिहरू (विद्युतीय लिफ्ट सिंचाई, भूमिगत सिंचाई, पम्पिङ सेट) ले २.०२ प्रतिशत क्षेत्रफलमा सिंचाई सुविधा उपलब्ध गराईरहेको तथ्यांकले देखाउँछ।

सिंचाई स्रोतको दिगोपनको दृष्टिकोणबाट, लगभग ८४ प्रतिशत क्षेत्रफलमा आधुनिक तथा प्राकृतिक स्रोतहरूबाट सिंचाई गरिएको छ, जसले भविष्यमा दिगो सिंचाई व्यवस्थापनको सम्भावना देखाउँछ।

सुरक्षित यात्रा गरौं ।

- सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।



दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



आईडी कार्ड
मात्र
रू. १५०/-



सम्पर्क:
मो.
९८५८०४१२१०,९८५८०५२५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

सम्पादकीय

विकासको बाटोमा अघि बढ्दै राधापुर

बाँकेको पश्चिमी दक्षिणी सीमावर्ती क्षेत्रमा अवस्थित खजुरा गाउँपालिका-१, राधापुर विकासको गतिमा अघि बढिरहेको बस्ती हो । सैनिक परिवारको बाक्लो बसोबासका कारण 'सैनिक गाउँ'का रूपमा समेत परिचित राधापुर पछिल्लो समय सडक, सिँचाई, तटबन्ध, शिक्षा तथा अन्य भौतिक पूर्वाधारको विकाससँगै आफ्नो पहिचान फराकिलो बनाउँदै छ । कुनै समय सामान्य आवागमनका लागि समेत कठिनाइ भोग्नुपर्ने यो बस्तीमा अहिले कालोपत्रे सडक विस्तार, पक्की नाला निर्माण, सिँचाइ संरचनाको सुधार र सार्वजनिक पूर्वाधार निर्माणका काम भइरहेका छन् । यी परिवर्तनले राधापुरको विकास सम्भावनालाई उजागर गरेका छन् ।

खजुरा गाउँपालिका-१, साविक राधापुर गाउँ विकास समितिका नौ वडालाई समेटेर बनेको क्षेत्र हो । दक्षिणमा भारतसँग सीमा जोडिएको र पूर्वतर्फ नेपालगन्ज तथा पश्चिमतर्फ बर्दियासँग सडक सञ्जालमार्फत जोडिएको राधापुरले स्थानीय पूर्वाधार विस्तारलाई प्राथमिकतामा राखेको देखिन्छ ।

जनप्रतिनिधिहरूले वडाको समग्र विकासलाई मुख्य एजेन्डा बनाउँदै काम गरिरहेका छन् । वडा अध्यक्ष मनवीर क्षेत्री, वडा सदस्य तथा कार्यपालिका सदस्य विष्णु सुनार, बालकुमारी सुनार, दिपु राना, रामकुमार सुनार र कर्मचारीहरुको सक्रियतामा विभिन्न योजना अघि बढेका छन् । जनप्रतिनिधिका अनुसार निर्वाचनका बेला प्रतिबद्धता गरिएका धेरै योजना सम्पन्न भएका छन् भने केही निर्माणाधीन अवस्थामा छन् । बजेट अभावका कारण अपेक्षाअनुसार सबै काम गर्न नसकिएको स्वीकारोक्तिसँगै सुशासन र जनताका आवश्यकतालाई प्राथमिकता दिएर काम गरिएको उनीहरूको भनाइ छ ।

राधापुरमा भएको परिवर्तनमध्ये सडक पूर्वाधारको विस्तार उल्लेखनीय छ । विगतमा नेपालगन्ज पुग्न करिब नौ किलोमिटरको दूरी पार गर्नसमेत घण्टौं लाग्ने अवस्था थियो । सडकको कमजोर अवस्थाका कारण स्थानीयले आवागमनमा सास्ती खेप्नु परेको थियो । अहिले सडक स्तरोन्नति र कालोपत्रे गर्ने कामले त्यो कठिनाइ घटाएको छ । परसपुरदेखि नवाजी गाउँ, बेलभार हुँदै जलपोखरीसम्मको सडक निर्माणले नेपालगन्ज आवतजावत सहज बनाएको स्थानीय जनप्रतिनिधिको दाबी छ । वडा सदस्य विष्णु सुनारका अनुसार पहिले डेढ घण्टासम्म लाग्ने यात्रालाई अहिले करिब नौ मिनेटमा पूरा गर्न सकिने अवस्था बनेको छ। बहादुरपुरको लखन थापा चोकसम्म सडक कालोपत्रे विस्तार हुनु पनि यसैको अर्को उपलब्धि हो ।

राधापुरले पछिल्ला वर्षमा हासिल गरेका उपलब्धिलाई संस्थागत गर्दै बाँकी योजना समयमै सम्पन्न गर्नु अबको आवश्यकता हो । निर्माण भएका संरचनाको गुणस्तर र उपयोगिता सुनिश्चित गर्ने, बजेटको प्रभावकारी कार्यान्वयन गर्ने तथा नागरिकलाई योजना छनोटदेखि अनुगमनसम्म सहभागी गराउने अभ्यासले विकासप्रतिको भरोसा बलियो बनाउँछ । सीमावर्ती अवस्थिति, कृषि सम्भावना र नेपालगन्जसँगाको बढ्दो सडक पहुँचलाई अवसरका रूपमा उपयोग गर्न सके राधापुरले आफ्नो विकास यात्रालाई अझ अर्थपूर्ण बनाउन सक्छ । राधापुरको लक्ष्य देशकै नमुना वडा बन्ने हो भने त्यसको आधार देखिने भौतिक विकाससँगै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने सुशासन, आर्थिक समृद्धि र गुणस्तरीय सार्वजनिक सेवा हुनुपर्छ । विकासको वास्तविक सफलता बनेका सडक र भवनमा मात्र होइन, ती संरचनाले जनताको जीवन कति सहज बनाए, किसानको उत्पादन र आम्दानी कति बढाए तथा बालबालिकाको भविष्य कति सुरक्षित बनाए भन्ने कुरामा मापन गरिनुपर्छ । यही दृष्टिकोणले राधापुरलाई दिगो, समावेशी र उदाहरणीय वडाका रूपमा स्थापित गर्न मद्दत गर्नेछ ।

दाङमा रगत अभाव

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १२ कार्तिक

पछिल्लो समय दाङमा रगत अभाव देखिएको छ। जिल्लाको तुलसीपुर, घोराही र लमहीको रक्तसञ्चार केन्द्रमा रहज रूपमा रगत पाउन मुस्किल भएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका प्रमुख विश्राम अधिकारीले जानकारी दिनुभयो।

ती रक्तसञ्चार केन्द्रमा रगत नहुँदा समस्या भएको उहाँले बताउनुभयो। "चाडपर्वका समयमा सधैं नै अभाव हुन्छ, यो वर्ष पनि रगत अभाव भयो, रक्तसञ्चार केन्द्रमा रगत छैन", उहाँले भन्नुभयो, "दाता पनि यस्तो बेला भेटाउन गाह्रो हुन्छ।" विभिन्न सङ्घसंस्थालाई आह्वान पनि रगत सङ्कलन



नहुँदा समस्या भएको छ।

यस्तो अवस्थामा विभिन्न सङ्घसंस्था र रक्तदाताहरूले सामाजिक उत्तरदायित्व सम्झेर रक्तदान गर्नुपर्नेसमेत उहाँको भनाइ छ। "यस्तो समयमा माग झन धेरै हुन्छ", उहाँले भन्नुभयो, "तर, अभाव नै हुँदा बिरामीको ज्यान जान सक्छ, यो कुरामा सबैले ध्यान दिनुपर्छ।"

दाङमा थारु समुदायमा देखिने सिकलसेल एनेमिया र थैलेसिमियाजस्ता रोगका कारण पनि रगत खपत निकै उच्च छ। ती रोगका बिरामीलाई नियमित रूपमा रगत चढाइरहनुपर्ने भएकाले जिल्लाभर वार्षिक रूपमा पाँच हजारदेखि छ हजार युनिटसम्म रगतको माग र खपत हुने गरेको छ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा रक्तसञ्चार केन्द्रमा सबैभन्दा धेरै अर्थात् वार्षिक तीन हजार ७०० युनिटभन्दा बढी रगत खपत हुँदै आएको छ।

यस्तै, राप्ती प्रादेशिक अस्पताल तुलसीपुर परिसरमा रहेको रक्तसञ्चार केन्द्रमा वार्षिक दुई हजार १०० युनिटभन्दा बढी र लमही क्षेत्रमा करिब एक हजार युनिट रगत खपत हुने गरेको जानकारी दिइएको छ।

पाठक मञ्च



सबिना कार्की:

हामीले 'सुन्दर' भन्नासाथ सबैभन्दा पहिले के सम्झन्छौं?अनुहार? शरीर? छाला? कपाल? कि आफूलाई आफूले हेर्ने तरिका ? हामी बाहिर सुन्दर देखिन धेरै कुरा गर्छौं । तर हाम्रो शरीरभित्र के भइरहेको छ भन्ने कुरा कति बुझ्छौं? उमेर बढ्दै जाँदा शरीर बदलिन्छ । छाला बदलिन्छ । कपाल बदलिन्छ । हर्मोन बदलिन्छ । हाम्रा प्राथमिकताहरू पनि बदलिन्छन् । तर के त्यसको अर्थ हाम्रो सुन्दरता घट्दै जानु हो ? हिजो हामीले यही विषयमा निकै रोचक कुराकानी गर्‍यौं । हाम्रो कुराकानी केवल 'सुन्दर कसरी देखिने?' भन्ने विषयमा थिएन । बरु, सुन्दर तालाई हामी कसरी बुझ्ने ? आफूलाई कसरी स्वीकार्ने ? र उमेरसँगै आउने परिवर्तनलाई कसरी हेर्ने ? भन्ने विषयमा थियो । डेढ घण्टा यति छिटो बित्यो, पत्तै भएन । र अन्त्यमा हाम्रो



डा. सुष्मा साउद

'डाक्टर, प्रेसरको औषधि त नियमित खाइरहेको छु, तर प्रेसर नियन्त्रणमा नै आउँदैन । किन होला' ? यस्तो प्रश्न मलाई धेरै बिरामीले सोध्नुहुन्छ । म उहाँहरूलाई एउटा सामान्य उदाहरण दिएर बुझाउने गर्छु । घरको पानी ट्यांकी भरिएर पानी पोखिइरहेको छ । तपाईं पोखिएको पानी पुछिरहनुभएको छ, तर ट्यांकीमा पानी भर्ने धारो बन्द गर्नुभएको छैन भने के हुन्छ ? पानी फेरि पोखिन्छ, होइन र ? उच्च रक्तचापमा पनि केही हदसम्म यस्तै हुन्छ । हजुरले लिइरहनुभएको औषधिले रक्तचाप घटाउन मद्दत गरिरहेको छ । तर अर्कोतिर हामीले धेरै नुन खाइरहेका छौं, दिनभरि बसेरै बिताउँछौं, राम्रोसँग सुत्दैनौं, तौल बढिरहेको छ वा रक्सी र चुरोटको बानी छ भने रक्तचाप नियन्त्रण गर्न झन् कठिन हुन्छ । आयुर्वेदले यही कारणले आहार र विहारलाई स्वास्थ्य संरक्षणको महत्वपूर्ण आधार मानेको छ । आयुर्वेदमा पथ्य र अपथ्यको अवधारणा छ । शरीरलाई अनुकूल हुने खानपान र व्यवहार अपनाउनु पथ्य हो भने स्वास्थ्यलाई प्रतिकूल असर गर्ने बानी अपथ्य हो । औषधिसँगै अपथ्य बानीलाई निरन्तरता दिँदा अपेक्षित स्वास्थ्यलाभ पाउन गाह्रो हुन्छ । त्यसो भए के गर्ने त ?

आजैदेखि बिस्तारै बिस्तारै गरेर खानामा नुन घटाउनुहोस् । अचार, चाउचाउ र धेरै नुन भएका तयारी खानेकुरा कम गर्नुहोस । सामान्य वयस्कका लागि दिनभरिमा सबै खानेकुरा जोडेर एक सानो चिया चम्चाभन्दा कम नुन राम्रो हुन्छ । आफ्नो शारीरिक क्षमताअनुसार दैनिक करिब ३० मिनेट हिँड्ने बानी बसाल्नुहोस् । पर्याप्त निद्रा लिनुहोस, तौल बढी छ भने व्यवस्थापनको लागि प्रयास गर्नुहोस र चुरोटसैनी खानुहुन्छ भने यसबाट टाढा रहनुहोस । योग, ध्यान र सहज प्राणायामले तनाव व्यवस्थापनमा सहयोग गर्छन् ।

एउटा कुरा अझै महत्वपूर्ण छ । औषधि खाँदाखाँदै प्रेसर नियन्त्रणमा नआउनुको कारण जीवनशैली मात्रै हुन्छ भन्ने छैन । औषधिको मात्रा वा प्रकार मिलाउनुपर्ने, मिर्गौला वा हर्मोनसम्बन्धी समस्या, निद्रामा सास रोकिने समस्या अथवा अरु औषधिको प्रभावले पनि यस्तो भइरहेको हुन सक्छ ।

त्यसैले घरमा नियमित प्रेसर नापेर रेकर्ड राख्ने गर्नुहोस र नियन्त्रणमा नआए डाक्टरसँग फेरि परीक्षण गराउनुहोस् । आफूखुसी औषधि बन्द गर्ने वा मात्रा घटबढ गर्ने काम गर्दै नगर्नुहोस ।

हजुरहरूलाई मेरो सन्देश यति हो, स्वास्थ्य सुधारको सुरुवात कहिलेकाहीं औषधि थपेर होइन, आफ्नै दैनिक बानी सुधारेर पनि गर्न सकिन्छ ।

भूमी प्रशासन कार्यालय बाँकेबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सुचना ।

प्रस्तुत विषयमा बाँके जिल्ला नरैनापुर गा.पा. वडा नं. ६ बस्ने चेतराम चमारले मेरो बावु ढोडे चमारको नाममा फिल्डबुक दर्ता कायम रहेको तथा जग्गाधनि प्रमाण पुर्जा प्राप्त हुन छुट भएको फत्तेपुर गा.वि.स. वडा नं. २ख को कि.नं. ६५ ज.बि. ०-७-५ को जग्गामा हाल सम्म मेरै हकभोग तथा जोत भोग रहेको हुँदा फिल्डबुकमा नाम उल्लेख भएका जग्गाधनि ढोडे चमारको नाममा छुट दर्ता गरी म निवेदकको नाममा नामसारी गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेकोमा। फत्तेपुर गा.वि.स. वडा नं. २ख को कि.नं. ६५ ज.वि. ०-७-५ को जग्गा निवेदको माग बमोजिम (निवेदकको बाबु) ढोडे चमारको नाममा छुट जग्गा दर्ता गरि निवेदकको नाममा नामारी हुँदा निवेदक बाहेक अन्य कोही कसैको हक भोग लाग्ने भए वा निवेदकको माग अनुसार गर्न नपर्ने भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सवुद प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

Barbardiya Municipality
Office Of The Municipal Executive
Jaynagar, Bardiya
Lumbini, Province, Nepal

Re-Invitation for (Hard Copy) Bids

Date of publication: 2083/07/13

Barbardiya Municipality office of Municipal Executive, Jaynagar, Bardiya invite bids (hard copy) from eligible bidders for the Procurement as mention below. Bidders may obtain further detail information by visiting barbardiya municipality office, Jayanagar, Bardiya.

S. N.	Contract ID	Description of Work	Estimated Amount Nrs.	Bid Security Ammount NRs.	Bid Fee Nrs.	Bid Validity Period/Bid Security Validity Period
1.	BMO/SQ/ SURGICAL/ 03/2083-84	Procurement and Supply of Laboratory Chemicals and Surgical items	1.9 Millions	Nrs. 40000.00	NRs. 1000.00	75 Days (Jan-15, 2027)

Chief Administrative Officer

कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०७/१३ (कालपृष्ठ राष्ट्रिय दैनिक)

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरूबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रूपमा साँवा ब्याज बुझ्काउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक मौखिक तथा लिखितरूपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, कर्जा लिँदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा धनजमानीकर्ताहरू लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझ्काउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझ्काउनु हुन जानकारी गराईन्छ। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा धनजमानीकर्ताहरू लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा धनजमानीकर्ताहरू लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने व्यहोरा जानकारी गर्दछौं।

तपसिल,

ऋणी तथा धनजमानीकर्ताहरुको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जगाको विवरण

शाखा कार्यालय : बेलौरी, कञ्चनपुर

१. ऋणीको नाम : पार्वती गुरुङ, पिता/पतिको नाम : पृथ्वी गुरुङ, बाजे/ससुराको नाम : रत्न बहादुर गुरुङ्ग, स्थायी ठेगाना : त्रिभुवनवस्ती-१, कञ्चनपुर, ना.प्र.नं. : ७५३०२०/६३१, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सविन गुरुङ्ग, पिता/पतिको नाम : पृथ्वी गुरुङ, बाजे/ससुराको नाम : रत्न बहादुर गुरुङ्ग, स्थायी ठेगाना : पुनर्वास-६, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७९-००४६५
२.धनजमानीको नाम : झेली राना, पिता/पतिको नाम : प्रिथु राना, स्थायी ठेगाना : त्रिभुवनवस्ती-९, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२०/१४८९

२. ऋणीको नाम : दुर्गा कुमारी गुरुङ, पिता/पतिको नाम : विर वहादुर गुरुङ, बाजे/ससुराको नाम : पदम ब. गुरुङ्ग, स्थायी ठेगाना : त्रिभुवनवस्ती-८, कञ्चनपुर, ना.प्र.नं. : ७१०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अरुना लिम्बु, पिता/पतिको नाम : कृष्ण बहादुर गुरुङ, स्थायी ठेगाना : पुनर्वास-६, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-८१-०३११२

३. ऋणीको नाम : सुमित्रा देवी चौधरी, पिता/पतिको : जगत प्रसाद डगौरा, बाजे/ससुराको नाम : हनुमान डगौरा, स्थायी ठेगाना : लक्ष्मीपुर-१, कञ्चनपुर, ना.प्र.नं. : ६४७, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : जगत प्रसाद डगौरा, पिता/पतिको नाम : हनुमान डगौरा, स्थायी ठेगाना : लक्ष्मीपुर-१, कञ्चनपुर, ना.प्र.नं. : ५९/१९
२.धनजमानीको नाम : गीता कुमारी चौधरी, पिता/पतिको नाम : जगत प्रसाद डगौरा, बाजे/ससुराको नाम : हनुमान डगौरा, स्थायी ठेगाना : लक्ष्मीपुर-१, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१६/१४४९

४. ऋणीको नाम : घुमा राना, पिता/पतिको नाम : नारदमुनि राना, बाजे/ससुराको नाम : सिक्खु राना, स्थायी ठेगाना : रामपुर वि.-७, कञ्चनपुर, ना.प्र.नं. : २१८९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : नारदमुनि राना, पिता/पतिको नाम : सिक्खु राना, स्थायी ठेगाना : रामपुर विलासीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७-२०७०

५. ऋणीको नाम : बबिता रजक चौधरी, पिता/पतिको नाम : अति राम चौधरी, बाजे/ससुराको नाम : कालुराम चौधरी, स्थायी ठेगाना : बेलौरी-७, कञ्चनपुर, ना.प्र.नं. : ७५-०१-७४-११६७६, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : कल्पना राना, पिता/पतिको नाम : लबरु राना, स्थायी ठेगाना : लालझडी-२, कञ्चनपुर, ना.प्र.नं. : ७५-०१-७७-०८८४९
२.धनजमानीको नाम : विशाल चौधरी, पिता/पतिको नाम : बर्सादु डगौरा, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/३६८२

६. ऋणीको नाम : इन्द्रा सुवेदी, पिता/पतिको नाम : टिकाराम सुवेदी, बाजे/ससुराको नाम : घनस्याम सुवेदी, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१८/१३९३, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : प्रविण सुवेदी, पिता/पतिको नाम : टिकाराम सुवेदी, बाजे/ससुराको नाम : घनस्याम सुवेदी, स्थायी ठेगाना : बेलोरी-४, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७५-०४१११
२.धनजमानीको नाम : कमला कुमारी रिजाल, पिता/पतिको नाम : गंगा प्रसाद रिजाल, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/६३०

७. ऋणीको नाम : राजेश्वरी राना, पिता/पतिको नाम : नरेश राना, बाजे/ससुराको नाम : अन्तु राना, स्थायी ठेगाना : वेलौरी-६, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२१/२४५९, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : छिध्दु राना, पिता/पतिको नाम : अन्तु राना, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : ४५८
२.धनजमानीको नाम : राजवती राना, पिता/पतिको नाम : सन्जय राना, स्थायी ठेगाना : बेलौरी-४, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७६-००१८५

८. ऋणीको नाम : रामफुल राना, पिता/पतिको नाम : पृथु राना, बाजे/ससुराको नाम : सहिवा राना, स्थायी ठेगाना : ल.पु-९, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१६/१६४७, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : रत्ति राना, पिता/पतिको नाम : द्धारिका राना, स्थायी ठेगाना : बेलौरी न.पा-३, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७४-०२६५७
२.धनजमानीको नाम : पृथु राना, पिता/पतिको नाम : सहिवा राना, स्थायी ठेगाना : ल.पु-९, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१६/१५२३

९. ऋणीको नाम : राजमती ऐर (साँउद), पिता/पतिको नाम : टेक सिह साउद, बाजे/ससुराको नाम : रुद्र सिहं साउद, स्थायी ठेगाना : सिलंगा-२, वैतडी (कञ्चनपुर), ना.प्र.नं. : ७५१५/२३८१८ वैतडी, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सुनिता खडका, पिता/पतिको नाम : नारायण खडका, स्थायी ठेगाना : श्रीपुर-७, कंचनपुर, ना.प्र.नं. : ७५२०१८/२५८४
२.धनजमानीको नाम : पार्वती कुमारी थापा, पिता/पतिको नाम : बिक्रम थापा, स्थायी ठेगाना : बेदकोट-६, कञ्चनपुर, ना.प्र.नं. : ७५-०१-७४-१२९१४

१०. ऋणीको नाम : कौशिला कुमारी डगौरा, पिता/पतिको नाम : दुर्गाराम डगौरा, बाजे/ससुराको नाम : छविलाल डगौरा, स्थायी ठेगाना : पिपलाडी-४, कञ्चनपुर, ना.प्र.नं. : ७५७३८३२७२, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : राज कुमार डगौरा, पिता/पतिको नाम : दुर्गाराम डगौरा, बाजे/ससुराको नाम : छविलाल डगौरा, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/२५९४
२.धनजमानीको नाम : दुर्गाराम डगौरा, पिता/पतिको नाम : छविलाल डगौरा, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : ७५१९७

११. ऋणीको नाम : सुमित्रा नेपाली, पिता/पतिको नाम : प्रविन नेपाली, बाजे/ससुराको नाम : मानसिह दमाई, स्थायी ठेगाना : बेलौरी-२, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२१/४६६८, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : नेहा नेपाली, पिता/पतिको नाम : प्रविन नेपाली, बाजे/ससुराको नाम : मानसिह दमाई, स्थायी ठेगाना : बेलौरी-२, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-८०-०११६३
२.धनजमानीको नाम : प्रविन नेपाली, पिता/पतिको नाम : मानसिह दमाई, स्थायी ठेगाना : बेलौरी-२, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२१/४६५२

१२. ऋणीको नाम : कमला वि.क., पिता/पतिको नाम : नर वहादुर कामी, बाजे/ससुराको नाम : खड्ग बहादुर विश्वकर्मा, स्थायी ठेगाना : त्रिभुजनवस्ती-५, कञ्चनपुर, ना.प्र.नं. : ७५१६५५४७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रमा तिरुवा, पिता/पतिको नाम : सनिल तारुवा, स्थायी ठेगाना : बेलौरी-१, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७५-०६६३१

१३. ऋणीको नाम : रेजिना तामाङ पुन, पिता/पतिको नाम : भिम पुन, बाजे/ससुराको नाम : नर व.पुन, स्थायी ठेगाना : वेलौरी-६, कञ्चनपुर, ना.प्र.नं. : २४१०५१/११२९९(सिन्धुपाल्चोक), कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : भिम पुन, पिता/पतिको नाम : नर व.पुन, स्थायी ठेगाना : श्रीपुर-६, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१८/२९७

१४. ऋणीको नाम : धना चौधरी, पिता/पतिको नाम : सुन्दर प्रसाद चौधरी, बाजे/ससुराको नाम : उदराम डगौरा, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१८/९३५, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सुन्दर प्रसाद चौधरी, पिता/पतिको नाम : उदराम डगौरा, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७५६३७/०६०/०६१
२.धनजमानीको नाम : सन्तराम चौधरी, पिता/पतिको नाम : सितल चौधरी, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : १३४५

१५. ऋणीको नाम : विमला राना, पिता/पतिको नाम : मोहन राना, बाजे/ससुराको नाम : मदन राना, स्थायी ठेगाना : श्रीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/५३२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : मोहन राना, पिता/पतिको नाम : मदन राना, स्थायी ठेगाना : श्रीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : १६६१२४

१६. ऋणीको नाम : मन देवी गुरुङ, पिता/पतिको नाम : अमित खड्का, बाजे/ससुराको नाम : लाल वहादुर खड्का, स्थायी ठेगाना : माच्छापुच्छे-५, कास्की, ना.प्र.नं. : ४६१०४१/२२०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : प्रेम शर्मा देवकोटा, पिता/पतिको नाम : इन्द्रमणी देवकोटा, स्थायी ठेगाना : श्रीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : १४१४

१७. ऋणीको नाम : तुलका देवी देवकोटा, पिता/पतिको नाम : प्रेम शर्मा देवकोटा, बाजे/ससुराको नाम : इन्द्रमणी देवकोटा, स्थायी ठेगाना : श्रीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : १४०६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : प्रेम शर्मा देवकोटा, पिता/पतिको नाम : इन्द्रमणी देवकोटा, स्थायी ठेगाना : श्रीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : १४१४

१८. ऋणीको नाम : राज कुमारी चौधरी, पिता/पतिको नाम : सन्तोष चौधरी, बाजे/ससुराको नाम : जीत राम चौधरी, स्थायी ठेगाना : श्रीपुर-२, कञ्चनपुर, ना.प्र.नं. : ५०९/४४०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : पविता चौधरी, पिता/पतिको नाम : ऋषिराम चौधरी, स्थायी ठेगाना : बे.न.पा-५, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७५-०४९१४

१९. ऋणीको नाम : विष्णु देवी रावल, पिता/पतिको नाम : गणेश सिहं रावल, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ८६२१३७०३, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : अनिता सापकोटा रावल, पिता/पतिको नाम : रमेश रावल, बाजे/ससुराको नाम : गणेश सिह रावल, स्थायी ठेगाना : श्रीपुर-८, कञ्चनपुर, ना.प्र.नं. : ७५-०५-२०७
२.धनजमानीको नाम : सुनिता खड्का, पिता/पतिको नाम : नारायण खड्का, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/२५८४

२०. ऋणीको नाम : अनिता सापकोटा रावल, पिता/पतिको नाम : रमेश रावल, बाजे/ससुराको नाम : गणेश सिह रावल, स्थायी ठेगाना : श्रीपुर-८, कञ्चनपुर, ना.प्र.नं. : ७५-०५-२०७, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : विष्णु देवी रावल, पिता/पतिको नाम : गणेश सिहं रावल, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ८६२१३७०३
२.धनजमानीको नाम : आशा खड्का, पिता/पतिको नाम : तुलसी खड्का, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१६/३३०

२१. ऋणीको नाम : मन्जुदेवी सुनार, पिता/पतिको नाम : विक्रम सुनार, बाजे/ससुराको नाम : प्रेम वहादुर सुनार, स्थायी ठेगाना : श्रीपुर-३, कञ्चनपुर, ना.प्र.नं. : १६७९५७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : विक्रम सुनार, पिता/पतिको नाम : प्रेम वहादुर सुनार, स्थायी ठेगाना : श्रीपुर-९, कञ्चनपुर, ना.प्र.नं. : ७९१

२२. ऋणीको नाम : दिक्षा गुरुङ, पिता/पतिको नाम : महेश खत्री क्षेत्री, बाजे/ससुराको नाम : रुद्र ब. खत्री क्षेत्री, स्थायी ठेगाना : पु.न.पा-६, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७५-०४४५०, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : देवी खत्री क्षेत्री, पिता/पतिको नाम : रुद्र ब. खत्री क्षेत्री, स्थायी ठेगाना : त्रिभुवनवस्ती-१, कञ्चनपुर, ना.प्र.नं. : ७५३०२०/३९
२.धनजमानीको नाम : लक्ष्मी साउँद क्षेत्री, पिता/पतिको नाम : मनोज क्षेत्री, स्थायी ठेगाना : पुनर्वास-६, कञ्चनपुर, ना.प्र.नं. : ६७-०६-७६-०१५७७-कै लाली

२३. ऋणीको नाम : राजकुमारी चौधरी, पिता/पतिको नाम : रामदिन डगौरा, बाजे/ससुराको नाम : पुरन डगौरा, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१८/१३९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रामदिन डगौरा, पिता/पतिको नाम : पुरन डगौरा, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ४/९७७

२४. ऋणीको नाम : शर्मिला राना, पिता/पतिको नाम : देबी राना, बाजे/ससुराको नाम : सिख्खु राना, स्थायी ठेगाना : रा.वि-८, कञ्चनपुर, ना.प्र.नं. : १६६०६४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : देवी राना, पिता/पतिको नाम : सिख्खु राना, स्थायी ठेगाना : रा.वि-७, कञ्चनपुर, ना.प्र.नं. : २०३५

२५. ऋणीको नाम : लक्ष्मी घिमिरे, पिता/पतिको नाम : यम प्रसाद घिमिरे, बाजे/ससुराको नाम : होमनाथ घिमिरे, स्थायी ठेगाना : त्रिभुवनवस्ती-५, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२०/५४७२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सावित्री पौडेल, पिता/पतिको नाम : भिम वहादुर पौडेल, स्थायी ठेगाना : फुलवारी-९, कैलाली, ना.प्र.नं. : ६७१०२१११४२७

२६. ऋणीको नाम : लक्ष्मी आचार्य, पिता/पतिको नाम : अनी प्रसाद आचार्य, बाजे/ससुराको नाम : जय प्रसाद आचार्य, स्थायी ठेगाना : त्रिभुवनवस्ती-५, कञ्चनपुर, ना.प्र.नं. : ४४०, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : अनी प्रसाद आचार्य, पिता/पतिको नाम : जय प्रशाद आचार्य, स्थायी ठेगाना : त्रिभुवनबस्ती-५, कञ्चनपुर, ना.प्र.नं. : ६९७४६८१२
२.धनजमानीको नाम : सावित्री पौडेल, पिता/पतिको नाम : भिम वहादुर पौडेल, स्थायी ठेगाना : फुलवारी-९, कैलाली, ना.प्र.नं. : ६७१०२१११४२७

२७. ऋणीको नाम : अम्विका गुरुङ्ग, पिता/पतिको नाम : बल बहादुर गुरुङ्ग, बाजे/ससुराको नाम : सुक बहादुर गुरुङ्ग, स्थायी ठेगाना : त्रिभुवनवस्ती-१, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२०/४८०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : बल बहादुर गुरुङ्ग, पिता/पतिको नाम : सुक वहादुर गुरुङ्ग, स्थायी ठेगाना : त्रिभुवनवस्ती-१, कञ्चनपुर, ना.प्र.नं. : १६३९६६

२८. ऋणीको नाम : शान्ता राणा, पिता/पतिको नाम : विरेन्द्र नरसिह राणा, बाजे/ससुराको नाम : युद्ध नरसिह राणा, स्थायी ठेगाना : त्रिभुवनवस्ती-५, कञ्चनपुर, ना.प्र.नं. : ८८०/१३८६, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : सुभाष अधिकारी, पिता/पतिको नाम : कोमल अधिकारी, स्थायी ठेगाना : पुनर्वास-४, कञ्चनपुर, ना.प्र.नं. : २१८/०४४
२.धनजमानीको नाम : चन्द्रकला ज्ञवली, पिता/पतिको नाम : वावुराम ज्ञवाली, स्थायी ठेगाना : त्रिभुवनबस्ती-५, कञ्चनपुर, ना.प्र.नं. : २१६/०४४

२९. ऋणीको नाम : गंगा शाही (राणा), पिता/पतिको नाम : प्रकाश नर सिह राणा, बाजे/ससुराको नाम : बिरेन्द्र नरसिह राणा, स्थायी ठेगाना : पुनर्वास-८, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२२/१२५८, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : प्रताप राणा, पिता/पतिको नाम : विरेन्द्रर सिह राणा, बाजे/ससुराको नाम : युद्ध नरसिह राणा, स्थायी ठेगाना : त्रिभुवनवस्ती-५, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२०/६७५
२.धनजमानीको नाम : सुभाष अधिकारी, पिता/पतिको नाम : कोमल अधिकारी, स्थायी ठेगाना : पुनर्वास-४, कञ्चनपुर, ना.प्र.नं. : २१८/०४४

३०. ऋणीको नाम : गिता रोकाया, पिता/पतिको नाम : हेम बहादुर थापा, बाजे/ससुराको नाम : गगन व.थापा, स्थायी ठेगाना : त्रिभुवनवस्ती-७, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२०/९६५, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : हेम बहादुर थापा, पिता/पतिको नाम : गगन व.थापा, स्थायी ठेगाना : त्रि.न-७, कञ्चनपुर, ना.प्र.नं. : ७५३०२०/८३८
२.धनजमानीको नाम : विष्णु मगर, पिता/पतिको नाम : वुद्धि वहादुर मगर, स्थायी ठेगाना : त्रिभुवनवस्ती-२, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२०/१५२१

३१. ऋणीको नाम : अमृता खड्का, पिता/पतिको नाम : देवेन्द्र खड्का, बाजे/ससुराको नाम : लोक वहादुर खड्का, स्थायी ठेगाना : लक्ष्मीपुर-६, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१६/६६१, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : मनसरा देबी खड्का, पिता/पतिको नाम : लोक बहादुर खड्का, स्थायी ठेगाना : लक्ष्मीपुर-६, कञ्चनपुर, ना.प्र.नं. : ५७-५१
२.धनजमानीको नाम : पवित्रा दुवाल, पिता/पतिको नाम : मंगल व. दुवाल, स्थायी ठेगाना : त्रिभुवनवस्ती-४, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२०/९०४

३२. ऋणीको नाम : मनपुरा शाही, पिता/पतिको नाम : तर्क ब.शाही, बाजे/ससुराको नाम : टोप व.शाही, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/८९४, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : मिना कुमारी सिंह, पिता/पतिको नाम : दिप बहादुर सिंह, बाजे/ससुराको नाम : गगन बहादुर शाही, स्थायी ठेगाना : नौवस्ता-७, बाँके, ना.प्र.नं. : ५७१०४७-१३२९
२.धनजमानीको नाम : इश्वरीमती शाही, पिता/पतिको नाम : पुर्ण राज शाही, स्थायी ठेगाना : बेलौरी-४, कञ्चनपुर, ना.प्र.नं. : ३-१२८६-मुगु

३३. ऋणीको नाम : शुष्मा लामिछाने (सुनार), पिता/पतिको नाम : रमेश सुनार, बाजे/ससुराको नाम : मुरली वि.क., स्थायी ठेगाना : कालिका-४, कञ्चनपुर, ना.प्र.नं. : ७५-०४-१५७, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : रमेश सुनार, पिता/पतिको नाम : मुरली वि.क., स्थायी ठेगाना : पिपटारी-५, पर्वत, ना.प्र.नं. : ४०२११
२.धनजमानीको नाम : मोहन सुनार, पिता/पतिको नाम : मुरली वि.क., स्थायी ठेगाना : पिपटारी-५, पर्वत, ना.प्र.नं. : ५१३९१३६

३४. ऋणीको नाम : मिना विश्वकर्मा, पिता/पतिको नाम : दिपक विश्वकर्मा, बाजे/ससुराको नाम : नर बहादुर विश्वकर्मा, स्थायी ठेगाना : शिवालय-१, पर्वत, ना.प्र.नं. : ५११०५०/१०९६, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : दिपक विश्वकर्मा, पिता/पतिको नाम : नर बहादुर विश्वकर्मा, स्थायी ठेगाना : शिवालय-१, पर्वत, ना.प्र.नं. : ५११०५०/८९
२.धनजमानीको नाम : शुष्मा लामिछाने (सुनार), पिता/पतिको नाम : रमेश सुनार, बाजे/ससुराको नाम : मुरली वि.क., स्थायी ठेगाना : कालिका-४, कञ्चनपुर, ना.प्र.नं. : ७५-०४-१५७

३५. ऋणीको नाम : विष्णु देवी कामी, पिता/पतिको नाम : दिनेश कामी, बाजे/ससुराको नाम : देव वहादुर कामी, स्थायी ठेगाना : पुनर्वास-८, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२२/२५५, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : बिमायादेबी सुनार, पिता/पतिको नाम : रामचन्द्र सुनार, स्थायी ठेगाना : त्रिभुवनवस्ती-७, कञ्चनपुर, ना.प्र.नं. : ६९७४६६८९,
२.धनजमानीको नाम : दिनेश कामी, पिता/पतिको नाम : देव वहादुर कामी, स्थायी ठेगाना : गेटा-३, कैलाली, ना.प्र.नं. : ६७१०१७/१०८७

३६. ऋणीको नाम : गौरी थापा बोहरा, पिता/पतिको नाम : महेश बोहरा, बाजे/ससुराको नाम : धन बहादुर बोहरा, स्थायी ठेगाना : रिलु-२, बभ्काङ्ग, ना.प्र.नं. : ७१-०१-७३-०२८०९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : धारु देवी थापा, पिता/पतिको नाम : नरी थापा, स्थायी ठेगाना : गिचीचौका-२, डोटी, ना.प्र.नं. : ६८३०१२/६२९

३७. ऋणीको नाम : दील माया तामाङ, पिता/पतिको नाम : पासाङ तामाङ, बाजे/ससुराको नाम : कुल बहादुर तामाङ्ग, स्थायी ठेगाना : त्रिभुवनवस्ती-४, कञ्चनपुर, ना.प्र.नं. : ८४९/०६०/०६१, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : पासङ तामाङ, पिता/पतिको नाम : कुल बहादुर तामाङ्ग, स्थायी ठेगाना : त्रिभुवनवस्ती-५, कञ्चनपुर, ना.प्र.नं. : ७८४/६६५
२.धनजमानीको नाम : देवु पौडेल, पिता/पतिको नाम : प.श्रीहरी पौडेल, स्थायी ठेगाना : त्रिभुवनवस्ती-५, कञ्चनपुर, ना.प्र.नं. : ७५३०२०/४३१

३८. ऋणीको नाम : भगवती रेग्मी पाध्या, पिता/पतिको नाम : मुकेश कुमार पाध्या, बाजे/ससुराको नाम : लक्ष्मी दत्त पाध्या, स्थायी ठेगाना : कालिका-४, कञ्चनपुर, ना.प्र.नं. : ७५३००२/२५१, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : मुकेश कुमार पाध्या, पिता/पतिको नाम : लक्ष्मी दत्त पाध्या, स्थायी ठेगाना : लक्ष्मीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : ७५४६६

३९. ऋणीको नाम : गोमा थापा, पिता/पतिको नाम : मान वहादुर थापा, बाजे/ससुराको नाम : हर्क वहादुर थापा, स्थायी ठेगाना : परासन-४, कञ्चनपुर, ना.प्र.नं. : ७५२००९/१८८२, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : पुजा थापा, पिता/पतिको नाम : मान वहादुर थापा, बाजे/ससुराको नाम : हर्क वहादुर थापा, स्थायी ठेगाना : पुनर्वास-८, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-८१-०१३०९
२.धनजमानीको नाम : शकुन्तला लोहनी, पिता/पतिको नाम : रमेश खाती, बाजे/ससुराको नाम : जस ब. खाती, स्थायी ठेगाना : त्रिभुवनवस्ती-६, कञ्चनपुर, ना.प्र.नं. : ३७५/०५८/०५९

४०. ऋणीको नाम : निता थापा, पिता/पतिको नाम : लक्ष्मण थापा, बाजे/ससुराको नाम : हरक बहादुर थापा, स्थायी ठेगाना : परासन-४, कञ्चनपुर, ना.प्र.नं. : ७५२५०, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : रितिका खाती, पिता/पतिको नाम : रमेश खाती, बाजे/ससुराको नाम : जस बहादुर खाती, स्थायी ठेगाना : पुनर्वास-६, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७९-०१४४२
२.धनजमानीको नाम : रमेश खाती, पिता/पतिको नाम : जस बहादुर खाती, स्थायी ठेगाना : पुनर्वास-६, कञ्चनपुर, ना.प्र.नं. : ९५-१०९-२०४४

४१. ऋणीको नाम : ठग्गो राना, पिता/पतिको नाम : कनैया राना, बाजे/ससुराको नाम : सुब्बा राना, स्थायी ठेगाना : ल.पु-९, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१६/१२४८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : कनैया राना, पिता/पतिको नाम : सुब्बा राना, स्थायी ठेगाना : लक्ष्मीपुर-६, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१६/१०५८

४२. ऋणीको नाम : अन्जली देवी शाह, पिता/पतिको नाम : हिक्मत बहादुर शाह, बाजे/ससुराको नाम : उत्तम बहादुर शाह, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : १४४९, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : हिक्मत व. शाह, पिता/पतिको नाम : उत्तम बहादुर शाह, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : १०४९
२.धनजमानीको नाम : ललिता शाह, पिता/पतिको नाम : हिक्मत वहादुर शाह, बाजे/ससुराको नाम : उत्तम बहादुर शाह, स्थायी ठेगाना : बेलौरी-४, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-८२-००२७६

४३. ऋणीको नाम : दिल कुमारी तामाङ, पिता/पतिको नाम : रमेश वहादुर तमाङ, बाजे/ससुराको नाम : वाङदोर्जे तामाङ, स्थायी ठेगाना : कालिका-१, कञ्चनपुर, ना.प्र.नं. : १६२६०४, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : रमेश बहादुर तामाङ, पिता/पतिको नाम : वाङदोर्जे तामाङ, स्थायी ठेगाना : कालिका-१, कञ्चनपुर, ना.प्र.नं. : १६२२९१
२.धनजमानीको नाम : हिमाल मगर, पिता/पतिको नाम : कर्ण बहादुर मगर, स्थायी ठेगाना : त्रिभुवनबस्ती-२, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२०/६१४४

४४. ऋणीको नाम : सारदा खत्री, पिता/पतिको नाम : भीम वहादुर खत्री, बाजे/ससुराको नाम : कृष्ण वहादुर खत्री, स्थायी ठेगाना : लक्ष्मीपुर-९, कञ्चनपुर, ना.प्र.नं. : १७९२९२, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : भावना बोहरा, पिता/पतिको नाम : टेक बहादुर बोहरा, स्थायी ठेगाना : बेलौरी-३, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-८१-०२५१६
२.धनजमानीको नाम : भिम वहादुर खत्री, पिता/पतिको नाम : कृष्ण वहादुर खत्री, स्थायी ठेगाना : लक्ष्मीपुर-९, कञ्चनपुर, ना.प्र.नं. : ५४८

४५. ऋणीको नाम : बसन्त कुमारी खड्का, पिता/पतिको नाम : गगन बहादुर खड्का, बाजे/ससुराको नाम : देव वहादुर खड्का, स्थायी ठेगाना : त्रि.न-८, कञ्चनपुर, ना.प्र.नं. : १५१९/३१४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : देवी खत्री क्षेत्री, पिता/पतिको नाम : रुद्र ब. खत्री क्षेत्री, स्थायी ठेगाना : त्रिभुवनवस्ती-१, कञ्चनपुर, ना.प्र.नं. : ७५३०२०/३९

४६. ऋणीको नाम : लक्ष्मी चौधरी, पिता/पतिको नाम : सन्तुलाल चौधरी, बाजे/ससुराको नाम : जग्गुराम डगौरा, स्थायी ठेगाना : श्रीपुर-२, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/३२०२, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सन्तुलाल चौधरी, पिता/पतिको नाम : जग्गुराम डगौरा, स्थायी ठेगाना : शंकरपुर-८, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१७/६२२
२.धनजमानीको नाम : राखी चौधरी, पिता/पतिको नाम : रामु चौधरी, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : १७५५९०

४७. ऋणीको नाम : प्रेमवती राना, पिता/पतिको नाम : राजेश राना, बाजे/ससुराको नाम : सहिवा राना, स्थायी ठेगाना : पुनर्वास-१, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७७-००२१२, कर्जाको शीर्षक : साधारण

४८. ऋणीको नाम : गिता शाही, पिता/पतिको नाम : अर्जुन शाही, बाजे/ससुराको नाम : वृष वहादुर शाही, स्थायी ठेगाना : बेलौरी-१, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२१/५१४५, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : अर्जुन शाही, पिता/पतिको नाम : वृष वहादुर शाही, स्थायी ठेगाना : लक्ष्मीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१६/१६६६
२.धनजमानीको नाम : नरेश बहादुर शाही, पिता/पतिको नाम : वृष वहादुर शाही, स्थायी ठेगाना : बेलौरी-१, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७४-००३५६

४९. ऋणीको नाम : आशा खड्का, पिता/पतिको नाम : किसन सिंह खड्का, बाजे/ससुराको नाम : शोभान सिंह खड्का, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१६/३३०, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : निखिल खड्का, पिता/पतिको नाम : किसन सिंह खड्का, बाजे/ससुराको नाम : शोभान सिंह खड्का, स्थायी ठेगाना : बेलौरी-७, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७७-०३१४९
२.धनजमानीको नाम : चित्रा गुरुङ(के.सी.), पिता/पतिको नाम : मुकेश के.सी., स्थायी ठेगाना : बेलौरी-८, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२१/५४०३

५०. ऋणीको नाम : मिना सुनार, पिता/पतिको नाम : लेख व.सुनार, बाजे/ससुराको नाम : लाल वहादुर सुनार, स्थायी ठेगाना : त्रिभुवनवस्ती-३, कञ्चनपुर, ना.प्र.नं. : ७५३०२०/७१५, कर्जाको शीर्षक : साधारण

५१. ऋणीको नाम : विष्णु मगर, पिता/पतिको नाम : वुद्धि वहादुर मगर, बाजे/ससुराको नाम : कर्ण वहादुर मगर, स्थायी ठेगाना : त्रिभुवनवस्ती-२, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२०/१५२१, कर्जाको शीर्षक : साधारण

५२. ऋणीको नाम : मञ्जु वि.क., पिता/पतिको नाम : गोपाल वि.क., बाजे/ससुराको नाम : नौले कामी, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/२६८०, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : कोपिला देवी कामी, पिता/पतिको नाम : मान व.कामी, स्थायी ठेगाना : श्रीपुर-५, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/१३६६
२.धनजमानीको नाम : विस्ना तिरुवा, पिता/पतिको नाम : शिबु तिरुवा, स्थायी ठेगाना : बेलौरी-६, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२१/३६८५

५३. ऋणीको नाम : करिश्मा सुनार, पिता/पतिको नाम : रेशम सुनार, बाजे/ससुराको नाम : निमलाल सुनार, स्थायी ठेगाना : श्रीपुर-३, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/५१२३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रेशम सुनार, पिता/पतिको नाम : निमलाल सुनार, बाजे/ससुराको नाम : गणेश सुनार, स्थायी ठेगाना : श्रीपुर-३, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/३४९

५४. ऋणीको नाम : प्रेम कुमारी चौधरी (डगौरा), पिता/पतिको नाम : मान वहादुर चौधरी, बाजे/ससुराको नाम : प्रभाती लाल चौधरी, स्थायी ठेगाना : लक्ष्मीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : ७५१६७६/११७, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : अनुजा चौधरी, पिता/पतिको नाम : प्रदेशी चौधरी, स्थायी ठेगाना : लक्ष्मीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१६/३४५
२.धनजमानीको नाम : मान बहादुर चौधरी, पिता/पतिको नाम : प्रभाती लाल चौधरी, स्थायी ठेगाना : लक्ष्मीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : ७५१४२/११९

५५. ऋणीको नाम : गंगा थापा, पिता/पतिको नाम : रोशन थापा, बाजे/ससुराको नाम : धन व.थापा, स्थायी ठेगाना : पुर्नवास-१३, कञ्चनपुर, ना.प्र.नं. : ७५२०२२/७९१९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : कमला भट्ट, पिता/पतिको नाम : नवराज भट्ट, स्थायी ठेगाना : शुक्लाफाँटा-७, कञ्चनपुर, ना.प्र.नं. : ७५-०१-७८-०७५८०

५६. ऋणीको नाम : चन्द्रा राना, पिता/पतिको नाम : देब सिह राना, बाजे/ससुराको नाम : मुनिवा राना, स्थायी ठेगाना : रामपुर विलासीपुर-६, कञ्चनपुर, ना.प्र.नं. : ७५-०१-६९-०३९५०, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : देब सिह राना, पिता/पतिको नाम : मुनिवा राना, स्थायी ठेगाना : रा.वि-५, कञ्चनपुर, ना.प्र.नं. : १७८०७२
२.धनजमानीको नाम : रबि राना, पिता/पतिको नाम : मिश्री लाल राना,स्थायी ठेगाना : बलौरी-८, कञ्चनपुर, ना.प्र.नं. : ७५-०१-७७-००६७८

५७. ऋणीको नाम : कु. सावित्री कार्की, पिता/पतिको नाम : भिम ब. खड्का, बाजे/ससुराको नाम : हस्त व. खड्का, स्थायी ठेगाना : लक्ष्मीपुर-९, कञ्चनपुर, ना.प्र.नं. : १६७८९१, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : भीम व. खड्का, पिता/पतिको नाम : हस्त व.खड्का, स्थायी ठेगाना : लक्ष्मीपुर-९, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१६/१५०
२.धनजमानीको नाम : निम बहादुर खत्री, पिता/पतिको नाम : जंग बहादुर खत्री, बाजे/ससुराको नाम : मोतिराम खत्री, स्थायी ठेगाना : लक्ष्मीपुर-९, कञ्चनपुर, ना.प्र.नं. : ५५३

५८. ऋणीको नाम : सिता कुमारी वानिया, पिता/पतिको नाम : डम्मर बहादुर बानिया, बाजे/ससुराको नाम : दिप बहादुर बानिया, स्थायी ठेगाना : त्रिभुवनवस्ती-१, कञ्चनपुर, ना.प्र.नं. : ६९७४७९३५, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : दिपा बानिया, पिता/पतिको नाम : रामशरण कार्की, बाजे/ससुराको नाम : भुपाल सिह कार्की, स्थायी ठेगाना : पुनर्वास-३, कञ्चनपुर, ना.प्र.नं. : ७५-०२-७५-०५०४५

५९. ऋणीको नाम : कुमारी सरिता चौधरी, पिता/पतिको नाम : उमेश वावु भाट, बाजे/ससुराको नाम : किशन सिह भाट, स्थायी ठेगाना : बेलौरी-६, कञ्चनपुर, ना.प्र.नं. : ७५-०१-७६-०६५८१, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : उमेश वावु भाट, पिता/पतिको नाम : किशन सिह भाट, बाजे/ससुराको नाम : मुकुन्द सिह भाट, स्थायी ठेगाना : श्रीपुर-६, कञ्चनपुर, ना.प्र.नं. : १३०५

६०. ऋणीको नाम : रमिता चौधरी, पिता/पतिको नाम : मोहन लाल डगौरा, बाजे/ससुराको नाम : जगत लाल डगौरा, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/६७१, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : सिउपती चौधरी, पिता/पतिको नाम : हिरासिह डगौरा, बाजे/ससुराको नाम : गोधी नारायण डगौरा, स्थायी ठेगाना : श्रीपुर-७, कञ्चनपुर, ना.प्र.नं. : ७५२०१८/१७९१

६१. ऋणीको नाम : गंगा थापा, पिता/पतिको नाम : गोविन्द भण्डारी, बाजे/ससुराको नाम : चन्द्र बहादुर भण्डारी, स्थायी ठेगाना : वेलडाँडी-७, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१२/१०७४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : गोविन्द भण्डारी, पिता/पतिको नाम : चन्द्र बहादुर भण्डारी, स्थायी ठेगाना : रा.विलासीपुर-३, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१३/५६१

६२. ऋणीको नाम : रामवति राना, पिता/पतिको नाम : श्रीराम राना, बाजे/ससुराको नाम : राम प्रसाद राना, स्थायी ठेगाना : श्रीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : ७५३०१८/१३२९, कर्जाको शीर्षक : आशा उद्यमशिलता
१.धनजमानीको नाम : राजेश राना, पिता/पतिको नाम : लस्करी राना, स्थायी ठेगाना : श्रीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : ७३६/०६०/०६१
२.धनजमानीको नाम : हरिलाल राना, पिता/पतिको नाम : करन सिह राना, स्थायी ठेगाना : श्रीपुर-४, कञ्चनपुर, ना.प्र.नं. : ७५१४३२
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : श्रीराम राना, जग्गाको ठेगाना : लक्ष्मीपुर-३, कञ्चनपुर, कित्ता नं. : ११७८, क्षेत्रफल : १३९८ व.मी.

शाखा कार्यालय : कलुवापुर, कञ्चनपुर

६३. ऋणीको नाम : सपना चौधरी राना, पिता/पतिको नाम : रामकृष्ण राना, बाजे/ससुराको नाम : पुन्ना राना, स्थायी ठेगाना : लालझाडी-४, कन्चनपुर, ना.प्र.नं. : ७५३०१०/६७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रामकृष्ण राना, पिता/पतिको नाम : पुन्ना राना,स्थायी ठेगाना : देखतभुली-२, कन्चनपुर, ना.प्र.नं. : ७५-०१-७०-०३८४४

६४. ऋणीको नाम : देवकी टमटा, पिता/पतिको नाम : सन्तोष टमाटो, बाजे/ससुराको नाम : प्रेम टमाटा, स्थायी ठेगाना : पिपलाडी-९, कन्चनपुर, ना.प्र.नं. : १०१०/५५७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : विशु देवी भुल, पिता/पतिको नाम : शंकर भुल, स्थायी ठेगाना : शुक्लाफाँटा-५, कन्चनपुर, ना.प्र.नं. : ५७८६७८३७

६५. ऋणीको नाम : इन्द्रा देवी थापा (मगर), पिता/पतिको नाम : विशाल थापामगर, बाजे/ससुराको नाम : रामसिंह थापामगर, स्थायी ठेगाना : कृष्णपुर-६, कन्चनपुर, ना.प्र.नं. : ७५३००३/३०५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राम सिंह थापा (मगर), पिता/पतिको नाम : प्रेमलाल थापामगर, स्थायी ठेगाना : कृष्णपुर-४, कन्चनपुर, ना.प्र.नं. : २४८९

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वाणिज्य स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना : ashamicrofinance@gmail.com/info@ashamicrofinance.com.np

जनकपुर बोल्ट्सको पहिलो खेलबाटै २८ हजार संकलन



कालपृष्ठ समाचारदाता

काठमाडौं, १२ कार्तिक

क्रिकेटको मैदानमा प्राप्त हुने उपलब्धिलाई छात्राहरूको शैक्षिक भविष्यसँग जोड्ने उद्देश्यसहित सञ्चालनमा आएको 'Sixes for Her Future' अभियानले जनकपुर बोल्ट्सको पहिलो खेलबाटै २८ हजार रूपैयाँ संकलन गरेको छ।

जनकपुर बोल्ट्सकी युवा एम्बेसडर डा. सरीषा श्रेष्ठको नेतृत्वमा अघि बढाइएको यस अभियानमा ब्च्प्क्ज न्चयगउ सहयोगी प्रायोजकका रूपमा जोडिएको छ। ARKSH Group कै तर्फबाट अभियानका लागि प्रारम्भिक १ लाख ५० हजार रूपैयाँको शैक्षिक सहयोग कोष स्थापना गरिएको हो।

अभियानअन्तर्गत जनकपुर बोल्ट्सले सहमतिमा तोकिएका नेपाल प्रिमियर लिग (एनपीएल) का खेलमा लिने प्रत्येक विकेट र प्रहार गर्ने प्रत्येक छक्कालाई छात्राहरूको शिक्षाका लागि आर्थिक सहयोगसँग जोडिएको छ। निर्धारित व्यवस्थाअनुसार प्रत्येक विकेट र प्रत्येक छक्काबापत २ हजार रूपैयाँ योगदान गरिनेछ।

जनकपुर बोल्ट्सको पहिलो खेलमा टोलीले ९ विकेट लिनुका साथै ५ छक्का प्रहार गरेको थियो। यस प्रदर्शनका आधारमा विकेटबाट १८ हजार रूपैयाँ र छक्काबाट १० हजार रूपैयाँ गरी कुल २८ हजार रूपैयाँ अभियानका लागि संकलन भएको हो।

क्रिकेटको प्रदर्शनलाई सामाजिक उत्तरदायित्वसँग जोड्ने पहल

'हरेक छक्काले उनको भविष्यलाई अगाडि बढाउँछ' भन्ने सन्देश बोकेको 'Sixes for Her Future' अभियानले मधेश प्रदेशका आर्थिक रूपमा विपन्न छात्राहरूलाई शिक्षामा पहुँच र निरन्तरता कायम राख्न सहयोग गर्ने लक्ष्य राखेको छ।

अभियानमार्फत कम्तीमा १० जना मधेशी छात्रालाई शैक्षिक सहयोग उपलब्ध गराउने लक्ष्य राखिएको छ। संकलित रकमबाट विद्यालय पोसाक, पुस्तक तथा शैक्षिक सामग्री, परीक्षा शुल्क, यातायात खर्चलगायत विद्यालय शिक्षालाई निरन्तरता दिन आवश्यक खर्चमा सहयोग गरिनेछ।

लाभग्राही छात्राहरूको छनोट उनीहरूको आर्थिक अवस्था र विद्यालय छाड्नुपर्ने जोखिमलाई प्राथमिकता दिएर गरिनेछ। स्थानीय विद्यालय वा शिक्षा क्षेत्रमा कार्यरत गैरसरकारी संस्थासँगको सहकार्यमा छात्राहरूको आवश्यकता पहिचान, सहयोग वितरण र शैक्षिक निरन्तरताको अनुगमन गर्ने योजना रहेको छ।

यस अभियानले खेलकुदलाई प्रतियोगिता र मनोरञ्जनमा मात्र सीमित नराखी शिक्षा तथा सामाजिक विकाससँग जोड्ने प्रयास गरेको छ। जनकपुर बोल्ट्सको मैदानभित्रको प्रदर्शनबाट संकलित रकमले मधेशका छात्राहरूको शिक्षामा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

प्रारम्भिक १ लाख ५० हजार रूपैयाँको कोष र खेलमा आधारित थप योगदानमार्फत अभियानले छात्राहरूको शैक्षिक भविष्यमा लगानी गर्ने लक्ष्य लिएको छ। जनकपुर बोल्ट्सका आगामी खेलमा टोलीले गर्ने प्रदर्शनसँगै अभियानमा थप रकम संकलन हुने अपेक्षा गरिएको छ।

'Sixes for Her Future' मार्फत क्रिकेटको हरेक छक्का र विकेटलाई मैदानको उपलब्धिमा मात्र सीमित नराखी छात्राहरूको भविष्य निर्माणमा योगदान पुऱ्याउने माध्यमका रूपमा अघि बढाइएको छ।

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।